**अनुसूची-२**
(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

## चिशंखुगढी गाउँपालिका
## स्थानीय राजपत्र

| | | |
|---|---|---|
| **खण्ड: ६** | **संख्या: १३** | **मितिः २०८०/११/१५** |

**भाग-२**
**चिशंखुगढी गाउँपालिका**

चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालयको
सूचना

# <u>चिशंखुगढी गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि (दोस्रो संशोधन), २०८०</u>

कार्यपालिकाबाट स्वीकृत मिति: २०७८/०४/२६
प्रथम संशोधन प्रकाशित मिति: २०७८/०९/२१
दोस्रो संशोधन प्रकाशित मिति: २०८०/११/१५

**<u>प्रस्तावनाः</u>**

चिशंखुगढी गाउँपालिकाका नागरिकहरू जो आधारभूत स्वास्थ्य सेवाका पहुँचबाट टाढा रहेका छन् त्यस प्रकारका बासिन्दाहरूलाई स्वास्थ्य सेवामा सर्व-सुलभ पहुँच पुर्याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, मितव्ययी, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताका पहुँच बढाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न छुट्टै कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम १०२ (२) का अधिकार प्रयोग गरी चिशंखुगढी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

निशान्त शर्मा
अध्यक्ष

## परिच्छेद -१

## संक्षिप्त नाम र प्रारम्भ

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

क. यो कार्यविधिको नाम “चिशंखुगढी गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि (दोस्रो संशोधन), २०८०” रहेको छ ।

ख. यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-</u>**

क. “एम्बुलेन्स” भन्नाले बिरामी ओसार्ने स्वीकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

ख. “एम्बुलेन्स जनशक्ति” भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

ग. “चालक” भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

घ. “गाउँपालिका” भन्नाले चिशंखुगढी गाउँपालिका सम्झनु पर्छ ।

ङ. “सेवा शुल्क” भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने गरी तोकेको शुल्क सम्झनु पर्छ ।

च. “सेवा” भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ ।

## परिच्छेद -२

## एम्बुलेन्स सञ्चालन सम्बन्धी व्यवस्था

३. **<u>एम्बुलेन्स सेवा व्यवस्थापन तथा संचालन समितिः</u>**

१. एम्बुलेन्स सेवा सञ्चालनका व्यवस्थापन, संचालन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरू रहेको एक पालिका स्तरीय एम्बुलेन्स सेवा व्यवस्थापन तथा संचालन समिति रहनेछ ।

क.गाउँपालिका अध्यक्ष -संयोजक

ख.प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेका अधिकृत स्तरको कर्मचारी -सदस्य

ग. सामाजिक विकास समितिको संयोजक -सदस्य

घ. कार्यपालिकाले तोकेको वडाध्यक्ष -सदस्य

ङ. गाउँ सभाका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी कार्यपालिकाले चयन गरेको २ जना -सदस्य

च. आधारभूत स्वास्थ्य तथा सरसफाई कार्यालय प्रमुख -सदस्य सचिव

निशान्त शर्मा
अध्यक्ष

२. गाउँपालिका आफैले खरिद गरी वा गाउँपालिकाको अनुदानमा खरिद भएको एम्बुलेन्स आफैले संचालन नगरी आफू मातहतका कार्यालय तथा कुनै संघ-संस्थालाई हस्तान्तरण गरेमा सोको संचालन सोही कार्यालय एवं संस्थाको व्यवस्थापन/कार्य समितिले सम्पूर्ण दायित्व तथा जिम्मेवारी वहन गर्ने शर्तको अधीनमा रहि एम्बुलेन्स संचालन तथा व्यवस्थापनको कार्य गर्नु पर्नेछ ।

३. गाउँपालिकाको मातहतको कार्यालय वा कुनै संघ-संस्थालाई हस्तान्तरण भएमा सो कार्यालय एवं संस्थासँग गाउँपालिकाले आवश्यक सम्झौता गरी हस्तान्तरण गरिनेछ । उपनियम (१) वा (२) बमोजिमको व्यवस्थापन तथा संचालन समितिका कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपूरक संख्या पुगेका मानिनेछ ।

४. समितिका बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

५. समितिका बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **<u>समितिका काम, कर्तव्य र अधिकारः</u>**

(१) समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपदो र व्यवस्थित रुपमा संचालन गर्ने, गराउने ।

ख. चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने । यस कार्यविधि अनुसारका आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिई आचारसंहिता पालना गर्न लगाउने । बारम्बार आचरण उल्लघंन गरेमा आवश्यकता अनुसार करार सम्झौता रद्द गर्ने ।

ग. एम्बुलेन्स सेवाका बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

घ. जिल्ला स्तरमा एम्बुलेन्स सम्बन्धी दररेट निर्धारण गर्ने निकायको सिफारिस बमोजिम आवश्यकता अनुसार परिमार्जन गर्ने ।

ङ. सरोकारवाला तथा अन्य संघ-संस्थाहरू बीच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समीक्षा बैठक गर्ने ।

च. गाउँपालिकाका विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनका लागि आवश्यक थप मापदण्ड बनाउने ।

छ. चालकले अनुसूची (१) बमोजिम सेवा शुल्क लिइ बैंक र कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(२) समितिका सदस्य-सचिवले सेवा प्रवाह स्थितिका अद्यावधिक विवरण प्रत्येक वर्षका जेष्ठ मसान्तमा गाउँ कार्यपालिकामा पेश गरी गाउँ सभामा अनुमोदन गराउनु पर्नेछ ।

(३) चिशंखुगढी गाउँपालिका अन्तर्गत बसोबास गर्ने सेवाग्राही, गाउँ कार्यपालिकामा कार्यरत कर्मचारीहरूलाई विशेष छुट दिने/ नदिने समितिको सिफारिसमा गाउँ कार्यपालिकाले निर्णय गर्नेछ।

निशान्त शर्मा
अध्यक्ष

## परिच्छेद – ३

## कर्मचारीको व्यवस्थापन तथा नियुक्ति सम्बन्धी व्यवस्था

५. **कर्मचारीको नियुक्तिः**

(१)एम्बुलेन्स सञ्चालनका लागि एक जना चालक (हल्का सवारी चालक प्रथम तह वा सो सरह) करार सेवामा भर्ना गरिनेछ । एम्बुलेन्स चालक पदमा स्थायी नियुक्ति भने दिईने छैन ।

(२)उप नियम (१) बमोजिम कर्मचारी भर्नाका लागि आवश्यक शैक्षिक योग्यता, अनुभव तथा अन्य आधार तयार गर्ने तथा कर्मचारी नियुक्ति सम्बन्धी सबै कार्य गाउँपालिकाको कार्यालयले प्रचलित कानूनको रित पुर्याई गर्नेछ ।

६. **पारिश्रमिक तथा सेवा शर्तहरुः**

(१)एम्बुलेन्स चालकले हल्का सवारी चालक प्रथम तहको स्थानीय तहको सवारी चालक कर्मचारीले पाए सरहको तलव पाउनेछ ।

(२)एम्बुलेन्स चालकले उपनियम (१) बमोजिम पाउने तलव बाहेक एम्बुलेन्स सञ्चालन भएको अवधिको स्थान, समय र दूरीको आधारमा थप भत्ता संचालक समितिको प्रस्ताव र कार्यपालिकाको निर्णय अनुसार पाउनेछ ।

(३) [1] एम्बुलेन्स चालकको तलब भत्ता तथा अन्य सुविधा एम्बुलेन्स गाउँपालिकाबाट व्यहोरिनेछ ।

(४) चालको रु.५ लाख सम्मको दुर्घटना बीमा गरिनेछ । साथै तेस्रो पक्ष बीमा गरिनेछ र बिमा प्रिमियम बापतको रकम यसै कार्यविधि बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) चालकले पालना गर्नु पर्ने आचार संहिता अनुसूची (२) बमोजिम हुनेछ ।

(६) अवकाश दिन सकिनेः आफ्नो पदको जिम्मेवारी नियमानुसार पालना नगरेको अवस्थामा चालकलाई कार्यपालिकाको निर्णयबाट पदबाट हटाउन सकिने छ ।

(७) पदमुक्त हुनु भन्दा अगाडि आफ्नो लिखित सफाई पेश गर्ने मौका दिईनेछ ।

## परिच्छेद -४

## मर्मत संभार तथा सेवा शुल्क सम्बन्धी व्यवस्था

७. **सेवा शुल्क सम्बन्धी व्यवस्थाः**

[2](१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसूची (१) मा उल्लेख भएको रकम सेवा शुल्कको रकम अनिवार्य रुपमा बुझाउनु पर्नेछ । सम्बन्धित वर्थिङ सेन्टरको सिफारिस सल्लानुसार गर्भवती/सुत्केरी महिलालाई नि:शुल्क रुपमा प्रयोग गर्न दिइनेछ ।

८. **एम्बुलेन्स संचालन कोषः**

(१) एम्बुलेन्स नियमित मर्मत संभार तथा कर्मचारीको तलब भत्ताको व्यवस्था गरी एम्बुलेन्सको नियमित सञ्चालन सुनिश्चित गर्न एक छुटै एम्बुलेन्स सञ्चालन कोष खडा गरी सञ्चालन गरिनेछ

---

[1] दोस्रो संशोधन: दफा ६ को उपदफा ३ मा संशोधन।

[2] दोस्रो संशोधन: दफा ७ को उपदफा १ मा संशोधन।

निशान्त शर्मा
अध्यक्ष

। साथै गाउँपालिका मातहतका कार्यालय वा कुनै संघ-संस्थालाई एम्बुलेन्स हस्तान्तरण गरिएको खण्डमा सोही हस्तान्तरण भइ जाने कार्यालय वा संघ-संस्थाले समेत आफू मातहत रहने गरी एम्बुलेन्स सञ्चालन कोष खडा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम खडा गरिने एम्बुलेन्स सञ्चालन कोषमा देहाय बमोजिमका रकम जम्मा गरिनेछ ।

क. सेवाग्राहीबाट प्राप्त सेवा शुल्क,

ख. भाडामा प्रयोग गर्न दिएमा भाडाबाट प्राप्त रकम,

ग. संघीय, प्रदेश सरकार र गाउँपालिकाबाट एम्बुलेन्स सञ्चालनका लागि प्राप्त रकम,

घ. अन्य दातृ निकायबाट प्राप्त कुनै अनुदान तथा सहयोग रकम आदि ।

९. **<u>कोष सञ्चालन र प्रयोगः</u>**

(१) एम्बुलेन्स कोषको रकम बैंकमा एउटा छुट्टै खाता खोली सञ्चालन गरिनेछ ।

(२) कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र आर्थिक प्रशासन उपशाखाको प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ । साथै गाउँपालिका मातहतका कार्यालय वा कुनै संघ-संस्थालाई एम्बुलेन्स हस्तान्तरण गरिएको खण्डमा सोही हस्तान्तरण भइ जाने कार्यालय वा संघ-संस्थाको आर्थिक प्रशासन सञ्चालनमा सहभागी हुने पदाधिकारीहरुको संयुक्त दस्तखतबाट कोषको खाता संचालन हुनेछ ।

(३) कोषमा जम्मा भएको रकमबाट देहाय बमोजिमको खर्च व्यहोरिनेछ । त्यस बाहेक अन्य शीर्षकमा खर्च गर्न पाईने छैन ।

क. [३] चालकको तलब, भत्ता तथा अन्य सेवा सुविधा कोषबाट पर्याप्त रकम नभएको अवस्थामा कार्यपालिकाको निर्णय अनुसार गाउँपालिकाबाट व्यवस्थापन गर्न सकिनेछ,

ख. एम्बुलेन्स मर्मत सम्भार तथा फ्युल लुब्रिकेन्टमा लाग्ने खर्च,

ग. समितिको बैठक भत्ता,

घ. एम्बुलेन्समा आउने अन्य भैपरी खर्चहरु ।

## परिच्छेद – ४
## विविध

१०. **<u>लेखा र लेखापरीक्षण:</u>**

(१) एम्बुलेन्स सञ्चालन कोषको आय-व्ययको लेखा आर्थिक प्रशासन ऐन, नियम बमोजिम आर्थिक प्रशासन उपशाखाले राख्नेछ । साथै एम्बुलेन्स हस्तान्तरण भएको खण्डमा सम्बन्धित कार्यालय एवं संघ-संस्थाको व्यवस्थापनले प्रचलित कानून बमोजिम आय-व्ययको लेखा राख्नु पर्नेछ ।

(२) एम्बुलेन्स कोषको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट वार्षिक रुपमा गरिनेछ ।

---

[३] दोस्रो संशोधनः दफा ९ को उपदफा ३ को (क) मा संशोधन।

निशान्त शर्मा
अध्यक्ष

११. **एम्बुलेन्स रहने स्थानः**

(१) गाउँ कार्यापालिकाले आफै संचालन गर्ने एम्बुलेन्सको हकमा गाउँ कार्यापालिकाको परिसर भित्रको पार्कमा र गाउँपालिका मातहततका कार्यालय वा अन्य संस्थाले संचालन गर्ने एम्बुलेन्सको हकमा सञ्चालक कार्यालय/संस्थाले तोकेको स्थानमा रहनेछ ।

१२.**एम्बुलेन्सको मर्मत सम्भारः** [४] एम्बुलेन्सका नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ र मर्मत गर्नु पर्ने भएमा लागत इस्टिमेट गराई व्यवस्थापन तथा सञ्चालन समितिको निर्णयानुसार हुनेछ।

१३.**एम्बुलेन्स भाडामा दिन सकिनेः**

(१) गाउँपालिकाले मौजुदा एम्बुलेन्सलाई कुनै व्यक्ति वा संस्था मार्फत सञ्चालन गर्न उपयुक्त देखेमा सञ्चालक समितिबाट सिफारिस भई आएमा कार्यपालिकाको निर्णयबाट भाडामा दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम भाडामा दिँदा प्रतिदिन वा महिनाको भाडा दर तथा अन्य शर्तहरु कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

१४.**कार्यविधि संशोधनः** यस कार्यविधिमा आवश्यक संशोधन वा थपघट गर्नु परेमा कार्यपालिकाको निर्णयबाट हुनेछ ।

१५. [५]**हस्तान्तरण:** यो कार्यविधि अनुसार चिशंखुगढी गाउँपालिकाबाट सञ्चालित एम्बुलेन्स कार्यपालिकाको निर्णय अनुसार चिशंखुगढी आधारभूत अस्पताल वा कुनैपनि स्वास्थ्य चौकीलाई हस्तान्तरण गर्न सकिनेछ ।

१६.**अन्यः**

(१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीका विवण अनुसुची (३) बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीका विमाका दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

---

[४] दोस्रो संशोधनः दफा १२ मा संशोधन।

[५] दोस्रो संशोधनः दफा १५ मा संशोधन।

निशान्त शर्मा
अध्यक्ष

## अनुसूची १

### (कार्यविधिको नियम ७ को उपनियम (१) सँग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)

| क्र.सं. | विवरण | एकाइ दर | कैफियत |
|---|---|---|---|
| १ | क्च्ची सडक | प्रति कि.मि. १२० रुपैंया | |
| २ | पक्की सडक | प्रति कि.मि. ५५ रुपैंया | |
| ३ | सिलिन्डर अक्सिजन शुल्क | प्रति घण्टा रु. १००।- | |
| ४ | चिशंखुगढी गाउँपालिकाको कार्यालय देखि १ कि.मि. चक्रमा पर्ने स्थान सम्मका लागि | रु.२०० मात्र | |

- एम्बुलेन्सका तोकिएको सेवा शुल्क र माग फाराम भरी बिरामी लैजाने अगाबै कार्यालयमा वा एम्बुलेन्स चालकलाई बुझाउनु पर्नेछ ।
- दूरीको हकमा गन्तव्य स्थान नै मान्य हुनेछ । तोकिएको भन्दा बाहेक अन्य सेवा शुल्कको हकमा समितिको सिफारिस बमोजिम गाउँ कार्यपालिकाले निर्णय गर्नेछ ।
- माथिको शुल्क तोकिएता पनि गाउँ कार्यपालिकाको नियमानुसार माथिको सेवा शुल्कमा छुट दिइनेछ ।
- एम्बुलेन्स चालकले प्रति ट्रिप र दुरी अनुसार निम्नानुसारको खान-बस्न खर्च बोनसको रुपमा दिइनेछ ।
  प्रति कि.मी. रु. ५.१५/- गरी आवत-जावत वापतको प्रोत्साहन रकम पाउनेछ ।[६]

## अनुसूची –२

### (कार्यविधिको नियम ६ को उपनियम (५) सँग सम्बन्धित)

### एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन कार्यविधि, २०७८ लाई पूर्णरुपमा पालना गर्नुपर्ने,

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वनीयता कायम गर्दै आफ्नो पेशाका मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीका परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफैले लिएका निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

---

[६] पहिलो संशोधन

निशान्त शर्मा
अध्यक्ष

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथ आफैमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसका बारेमा प्रयाप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८. बिरामीलाई बिच बाटोमा अलपत्र हुने गरी छाड्न नहुने,

९. आफ्नो कामको सिलसिलामा पाएको कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा विरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,

१०.अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुर्याउने पर्ने,

११.आफूले उचित देखेका बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरूको जानकारी आफ्नो सुपरीवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

१२.नेपाल सरकारले प्रतिबन्ध लगाएका बस्तुहरू ओसार पसार नगर्ने । प्रचलित कानुनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन, नियम अनुसार स्वंय सजायको भागीदारी हुनेछ ।

१३.आचारसंहिता सम्बन्धी प्रतिबद्ध पत्र ।

म ................................... ठेगाना ............................ ना.प्र.प.नं .................. जारी मिति ...................... जिल्ला, सवारी चालक अनुमति पत्र (लाइसेन्स) नं. ........................ जारी मिति ................................ ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । ओखलढुंगा जिल्ला ……………..गाउँपालिका/………….कार्यालय/…………..संस्थाको एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

चालकको:
दस्तखतः
नामः
मितिः

रोहवरमा प्रमाणित गर्ने व्यक्तिको:
दस्तखतः
नामः
पदः
मितिः
कार्यालयको छापः

निशान्त शर्मा
अध्यक्ष

## अनुसूची – ३
## (कार्यविधिको नियम १६ को उपनियम (१) सँग सम्बन्धित)

"ग" वर्गको COMMON LIFE SUPPORT (CLS) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

- First Aid का समानहरु,
- Oxygen Cylinder, Flow Meter/Mask जडित वा जरुरी परेमा राख्ने सकिने सवारी साधन,
- IV Injection दिन सक्ने व्यवस्था,
- Stretcher Cum Board,
- Stethoscope, B.P. Apparatus, Torchlight

## अनुसूची ४
## एम्बुलेन्स सञ्चालनको दैनिक विवरण

| क्र.स | मिति | (विरामीको विवरण) नाम,थर र ठेगाना | बाट | सम्म | दूरी(कि.मि.) | सेवा शुल्क | नगद रसिद नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

तयार पार्ने (चालक)

सिफारिस गर्ने
स्वास्थ्य शाखा प्रमुख

स्वीकृत गर्ने
कार्यालय प्रमुख

निशान्त शर्मा
अध्यक्ष

## अनुसूची– ५

## एम्बुलेन्स मर्मत संभार सम्बन्धी अभिलेख

| क्र.सं. | मिति | मर्मत खर्चको विवरण | | | जम्मा खर्च | मर्मत गर्ने कम्पनी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | सामान | ज्याला | लुब्रिकेन्ट्स | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| रेकर्ड राख्ने | रुजु गर्ने | प्रमाणित गर्ने | स्वीकृत गर्ने |
|---|---|---|---|
| जिन्सी प्रमुख | प्रशासन शाखा | स्वास्थ्य संयोजक | कार्यालय प्रमुख |

निशान्त शर्मा
अध्यक्ष

## अनुसूची – ६

## भाडामा लिने/दिने सम्झौता पत्र

चिशंखुगढी गाउँपालिका (जसलाई पछि प्रथम पक्ष भनिनेछ) र ..................................बस्ने श्री ........................ यस पछि दोस्रो पक्ष भनिनेछ) ........................ जिल्ला ........................ गाउँपालिका/नगरपालिका वडा नं. ......... मा एम्बुलेन्स सेवा प्रदान गर्ने प्रयोजनका लागि एम्बुलेन्स भाडामा दिने लिने सम्बन्धमा निम्न अनुसारको शर्तहरु दुवै पक्षले पूर्ण रुपमा पालना गर्न मञ्जुर भई यो सम्झौता पत्रमा सहीछाप गरी लियौं दियौं ।

**<u>शर्तहरु</u>**

१. एम्बुलेन्स भाडामा लिने (दोस्रो पक्षका) श्री .......................... ले एम्बुलेन्स भाडामा लिदा एम्बुलेन्स संचालनमा आए पछि प्रतिदिन रु................का दरले प्रथम पक्षलाई भाडा तिर्ने गरी-भाडामा प्रयोग गर्नु पर्नेछ ।

२. यो सम्झौता मिति ..............गते देखि ................गते सम्म लागू हुनेछ ।

३. सम्झौताको अवधि भन्दा बढी समय एम्बुलेन्स प्रयोग गर्नु परेमा दोस्रो पक्षले प्रथम पक्षलाई निवेदन दिई अनुरोध गरेमा थप समयमा पनि सम्झौता गरी प्रयोग गर्न सकिनेछ ।

४. दोस्रो पक्षले एम्बुलेन्स भाडामा लिनु पूर्व भाडामा लिएको अवधिको सम्पूर्ण रकम गाउँपालिकाको कार्यालय सेर्नामा धरौटी स्वरुप जम्मा गर्नु पर्नेछ ।

५. दोस्रो पक्षले एम्बुलेन्स संचालनमा ल्याउने सम्झौता अवधिभर चालक लाई बासको व्यवस्था गरिदिनु पर्नेछ ।

६. एम्बुलेन्स संचालन अवधिमा एम्बुलेन्सको मर्मत तथा सर्भिसिङ दोस्रो पक्षले नै गर्नेछ ।

आज्ञाले
सिताराम राई
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष